# तेह्रथुम जिल्ला अदालत

म्याङलुङ, तेह्रथुम
(प्रशासन शाखा)

फोन नं. ०२६-४६०१९५

Email:info.dctehrathum@supremecourt.gov.np
Website: www.supremecourt.gov.np


प.सं.:०८१/८२

मितिः-२०८२/०१/०८

ने.सं.११४५,

## ॥ सूचना ॥

**विषयः वैतनिक कानून व्यवसायीको लागि दरखास्त आह्वान गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१) बमोजिम बैतनिक कानून व्यवसायी रहने व्यवस्था भई यस अदालतमा मिति २०८२/०२/०१ गते बाट रिक्त हुने भएकोले जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२), (३), (४), (५) र (६) तथा वैतनिक कानून व्यवसायीको नियुक्ति तथा सेवाका शर्तसम्बन्धी निर्देशिका, २०७६ को दफा २ को उपदफा (१) बमोजिम बैतनिक कानून व्यवसायीको नियुक्ति गर्नको लागि इच्छुक कानून व्यवसायीबाट दरखास्त आह्वान गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भई दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नाघेर वा रित नपुगी आएका निवेदन उपर कुनै कारबाही नहुने वेहोरा अनुरोध छ।

१. पदः- वैतनिक कानून व्यवसायी ।

२. आवश्यक पद संख्याः १ (एक)

३. संलग्न गर्नु पर्ने कागजातहरुः

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ख. कानूनमा स्नातक वा स्नाकोत्तर गरेको प्रमाणपत्रको प्रतिलिपि।

ग. अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपि ।

घ. सम्बन्धित विषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि।

४. प्रदान गर्नु पर्ने सेवाः- बैतनिक कानून व्यवसायीको हैसियतले प्रदान गर्नुपर्ने तोकिएका सेवाहरु।

५. पारिश्रमिकः- कानून बमोजिम।

६. पदावधीः-१ (एक) वर्ष।

७. दरखास्त दस्तुरः- रु.१०/-

८. छनोटको किसिमः अन्तरवार्ता।

९. अन्तरबार्ता मितिः- दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिने छ।

१०. नियुक्ति लिन आउनुपर्ने अवधिः नियुक्तिका लागि छनोट भएका उम्मेदवारले छनोट भएको ७ दिन भित्र नियुक्ति लिन आउनुपर्ने।

*नोटः- थप जानकारीका लागि प्रशासन शाखामा सम्पर्क गर्न सकिने छ।*

..........................

ऋतु सर्वदार
श्रेस्तेदार (उप-सचिव)

"व्यवसायिक र सिर्जनशील प्रशासनः विकास सम्मृद्धि र सुशासन"